आज मिति २०८३ साल असार २१ गते आइतबारका दिन आमचोक गाउँपालिकाका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षता तथा तपसिल बमोजिमका पदाधिकारीको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायबमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा बहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री जनक बस्नेत | |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

३।२१

अशोक राई
अध्यक्ष

प्रस्तावहरु

१. जग्गाको मूल्यांकन सम्बन्धमा।
२. सरुवा सहमति सम्बन्धमा।
३. गणकहरुलाई खाना खाजा बापत थप रकम उपलब्ध गराउने सम्बन्धमा।
४. नागरिक उपचार कोष सम्बन्धमा।
५. आर्थिक सहायता सम्बन्धमा।
६. शिक्षकहरुको स्थानीय भत्ता सम्बन्धमा।
७. मुन्धुम ट्रेल म्याप खरिद सम्बन्धमा।

निर्णयहरु

१. आ.व. २०८३/०८४ को लागि आमचोक गाउँपालिकाको क्षेत्रभित्र रहेका बजार क्षेत्र, घर जग्गासँग जोडिएको नजोडिएको र सो को चालु आर्थिक वर्षको कारोबार भएको क्षेत्रको खरिद र बिक्री मूल्य समेतलाई ध्यान दिई जग्गाको रजिष्ट्रेशन गर्दा थैली अंक कायम गर्ने प्रयोजनार्थ तपसिल बमोजिम न्युनतम मूल्यांकन कायम गर्ने।

तपसिल

| क्र.सं. | विवरण | प्रस्तावित मूल्यांकन प्रति रोपनीमा |
|---|---|---|
| १ | आमचोक गाउँपालिका वडा नं. १ बासिङथर्पु र वडा नं. १ बालांखाको भिमेथरी बनेवा महादेवस्थान-बासिङथर्पु वडा कार्यालय सडकले छुएको | १ लाख |
| २ | आमचोक गाउँपालिका वडा नं. १ ग्रेन्ताङ गुम्बा थलथले भञ्ज्याङखर्क सडकले छुएको | २ लाख |
| ३ | आमचोक गाउँपालिका वडा नं. १ र वडा नं. २ युँ को बतासे बासिङथर्पु सिमन्तुवा सडकले छुएको | १ लाख |
| ४ | आमचोक गाउँपालिका वडा नं. १ र २ को दाव्वुराङ लाप्चे भञ्ज्याङखर्क सडकले छुएको | १ लाख |
| ५ | आमचोक गाउँपालिका वडा नं. २ युँ भिमाचौक बजार मुख्य सडकले छुएको | ३ लाख |
| ६ | साविक थिदिंखा गा.वि.स हाल आमचोक-३ को बालंखा पसलभञ्याङ बयाङ सडकले छोएको | १ लाख |
| ७ | साविक थिदिङखा गा.वि.स. हाल आमचोक वडा नं.-३ थिदिङखाको पसलभञ्ज्याङ चुमाराङ सडकले छुएको | १ लाख |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ८ | आमचोक गाउँपालिका वडा नं. ४ बालंखा बजारको व्यापारिक क्षेत्र सडकले छुएको | १६ लाख |
| ९ | वडा नं. ४ बालंखा बजार देखी पूर्णे आहालको मुख्य सडक रानिटार पाइचा बालंखा नागि चखेवा सडकको दायाँबायाँ १०० मिटरसम्म | ५ लाख |
| १० | वडा नं. ४ बालंखा बजार व्यापारिक क्षेत्र र मुख्य सडकको दाँया बाँया १०० मिटर बाहिर देखि ३०० मिटर दुरी भित्रका जग्गा | ४ लाख |
| ११ | आमचोक गाउँपालिका वडा नं. ४ बालंखा-छोङ्गा सडकले छोएको | ४ लाख |
| १२ | आमचोक गाउँपालिका वडा नं. ४ बालंखा-बोपुङ जन्तेढुङ्गा गाउँपालिका सडकले छुएको | ३ लाख |
| १३ | आमचोक गाउँपालिका बालंखाको ओखरबोटे-दमाईगाउँ-खकल्ला सडकले छुएको | २ लाख |
| १४ | आमचोक गाउँपालिका वडा नं. ४ र ३ को बालंखा सामाराङ सडकले छुएको | २ लाख |
| १५ | आमचोक गाउँपालिका वडा नं. ४ बालंखाको फुङन्ताङ रागातुङ सडकले छुएको | २ लाख |
| १६ | आमचोक गाउँपालिका वडा नं. ४ बालंखाको पुर्णेडाँडा सिपाक सडकले छुएको | २ लाख |
| १७ | साविक पावला गा.बि.स. हाल आमचोक गाउँपालिका वडा नं. ५ को बयाङ पावला खालिङ भञ्ज्याङ आमबोटे दुम्माना सडकले छुएको | २ लाख |
| १८ | आमचोक गाउँपालिका वडा नं. ६ बयाङ बजारको व्यापारिक क्षेत्र सडकले छ छोएको | १२ लाख |
| १९ | साविक देवानटार गा.बि.स. हाल आमचोक गाउँपालिका वडा नं. ६ बयाङ बजार देखि हतुवागढी सडकले छुएको | २ लाख |
| २० | साविक देवानटार गा.बि.स. हाल आमचोक गाउँपालिका वडा नं. ६ र ७ को बयाङ बसाईगाउँ डुम्रे एखुवाखोला हैखराङ सडकले छुएको देवानटार साईलाम बसाईगाउँ क्षेत्र | २ लाख |
| २१ | साविक देवानटार गा.बि.स. हाल आमचोक गाउँपालिका वडा नं.६, ७ र ८ को बयाङ-बसाइगाउँ-डुम्रे-एखुवाखोला-हैखराङ सडकले छोएको डुम्रे हैखराङ्ग क्षेत्र | १ लाख |
| २२ | साविक दुम्माना गा.वि.स. हाल आमचोक वडा नं.-८ को दुम्माना हैखराङ्ग एखुवाखोला सडकले छोएको बिष्टटोल देखि राईगाउँ सम्म | - ४ लाख |
| २३ | साविकको दुम्माना गा.वि.स. हाल आमचोक वडा नं.-८ को दुम्माना हैखराङ्ग एखुवाखोला सडकले छोएको राईगाउँ देखी खलङ्गा हैखराङ्ग पार्कुवा किनुवा गाउँ | २ लाख |
| २४ | आमचोक गाउँपालिका वडा नं. ९ को दुम्माना भञ्ज्याङ बजारको व्यापारिक क्षेत्र सडकले छुएको | १४ लाख |
| २५ | साविक दुम्माना गा.वि.स. हाल आमचोक-९ दुम्मानाको बसाइली डाँडाटोल देखि रुप्से सम्म सडकले छुएको | ५ लाख |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँ कार्यपालिका

| | | |
|---|---|---|
| २६ | साविक दुम्माना गा.वि.स. हाल आमचोक-९ दुम्माना भञ्याङ् देखि सिमरासे टोल सम्म दुम्माना रानिटार सडकले छुएको | ५ लाख |
| २७ | साविक दुम्माना गा.वि.स. हाल आमचोक-९ दुम्मानाको वोखिमटार जोगेपात्थर सडकले छुएको | १ लाख |
| २८ | साविक दुम्माना गा.वि.स. हाल आमचोक वडा नं.-९ दुम्माना-रानिटार सडकले छुएको सिमरासे टोलदेखि माझाखानी बोक्सेटार क्षेत्र | १ लाख |
| २९ | साविक पाङ्चा गा.बि.स. हाल आमचोक गाउँपालिका वडा नं. १० पाङ्चाको रानिटार-पाङ्चा-वालंखा-यूँ सडकले छुएको साङ्गाफोप देखि मिलडाडा सम्म | २ लाख |
| ३० | साविक पाङ्चा गा.बि.स. हाल आमचोक गाउँपालिका वडा नं. १० पाङ्चाको चिउरी भञ्ज्याङ् घारे धारापानी सडकले छुएको | १ लाख |
| ३१ | गाउँपालिका क्षेत्रका सबै वडाका कृषियोग्य क्षेत्रहरुमा मुख्य सडकले छुएको १ लाख, सहायक सडकले छुएको ७० हजार र सडकले नछुएको ५० हजार प्रति रोपनी | |
| ३२ | खेति योग्य र व्यावसायिक प्रयोजनमा नआउने जमिनहरु- खरबारी, चरन, पाखो क्षेत्र र खर्क मुख्य सडकले छुएको ५० हजार, सहायक सडकले छुएको ४० हजार र सडकले नछुएको ३० हजार प्रति रोपनी | |

२. यस गाउँपालिका अन्तर्गत वडा नं. ८ मा प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाचौं तहमा कार्यरत ज्ञानदीप राई (क.सं.नं.२३९४५९) ले आफ्नो व्यक्तिगत स्वास्थ्य समस्या तथा पारिवारिक कारण देखाई आफ्नो घरपायक पर्ने बेलबारी नगरपालिकाको सरुवा सहमति सहित सरुवाका लागि निवेदन पेश गरेको र निज सरुवा भई जानका लागि मनोवैज्ञानिक रुपमा तयार भएको कारण कार्यालयको दैनिक कामकारबाहीमा समेत समस्या देखिएको हुँदा निजलाई स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा २४ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम अन्तरस्थानीय तह सरुवाका लागि सिफारिस गरी पठाउने।

३. आमचोक गाउँपालिकाको सबै वडाहरुमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको तथ्याङ्क संकलनमा १७ जना गणकहरु छनौट गरिएको र निज गणहरुको गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संङ्कलन सम्बन्धी मार्गदर्शन बमोजिम पहाडी भूभागमा तथ्यांक संकलन गर्न सेवा सुविधा न्युन भएको गुनासो र माग समेत आएको हुँदा दैनिक न्यूनतम १२ घरको तथ्याङ्क सङ्कलन गर्ने गणकहरुलाई खाना खर्च वापत कार्यालयको तर्फबाट दैनिक रु.२०० का दरले थप रकम उपलब्ध गराउने।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

४. प्रस्ताव नं.४ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को दफा ९ को उपदफा (१) वमोजिम पालिकास्तरीय सिफारिस समितिद्वारा उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिको दफा ६ को उपदफा (३) मा भएको व्यवस्था नागरिक उपचार कोषवाट तपसिल बमोजिमका बिरामीहरुलाई उपचार खर्च वापत एक लाखका दरले जम्मा रु. ३०००००।(अक्षेरुपी तीन लाख मात्र) उपलव्ध गराउने।

| क.सं. | सिफारिस गरीएको बिरामीको नाम | ठेगाना | नागरिकता प्रमाण पत्र नं./जन्म दर्ता प्र. प. नं. | रोगको नाम | रोग पत्ता लागि उपचार भएको/उपचाररत रहेको अस्पताल |
|---|---|---|---|---|---|
| १ | चन्द्र कला राई, ३६ बर्ष, महिला | आमचोक-२ | ना.प्र.प.नं:- ०९३०५०/१२७ | मुटुको शल्यकृया भएको | नोबेल मेडिकल कलेज, बिराटनगर । |
| २ | प्रमिला तामाङ, २५ बर्ष, महिला | आमचोक-७ | ना.प्र.प.नं:- ०९-०१-८३-००१७९ | मृगौला फेल भई डायलाइसिस गराइरहेको | BPKIHS, Dharan |
| ३ | गंगा देवी राई ५६ बर्ष, महिला | आमचोक-४ | ना प्र प्र नं : ५३९/४१५/०११ | मुटुको शल्यकृया भएको | Kathmandu Medical college Public Limited Teaching Hospital, sinamangal |

५. प्रस्ताव नं. ५ सम्वन्धमा छलफल हुँदा सम्वन्धित वडाको सिफारिस तथा अस्पतालका कागजातहरुको आधारमा तपशिल वमोजिम अन्य सहायता शिर्षकवाट भुक्तानी दिने ।

| क.सं. | नाम | वडा नं | कारण | सहायता रकम |
|---|---|---|---|---|
| १ | नारद बिष्ट | ८ | BPKIHS मा उपचाररत रही आर्थिक सहायतका लागि आर्थिक अवस्था कमजोर रहेको वडा कार्यालयवाट सिफारिस भई आएको | १५००० |
| २ | सरिता पौडेल | ८ | नोवेल मेडिकल कलेज टिचिङ हस्पिटल लि.मा उपचार | १०००० |
| | जम्मा | | | २५००० |

६. प्रस्ताव नं. ६ माथि छलफल हुँदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ को २.२ मा शिक्षकको तलव, भत्ता तथा सेवा सुविधा सम्वन्धी विवरणमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी,अस्थायी/ करार शिक्षक, प्राविधिक धारमा (कक्षा ९-१० र ११-१२) मा कार्यरत प्रशिक्षक र सहायक प्रशिक्षकको

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

स्थानीय भत्ता पाउने जिल्ला भए बर्ष भरिको जम्मा १०.५ महिनाको स्थानीय भत्ता प्रदान गर्न सकिने भन्ने व्यवस्था भएको र यहाँ कार्यरत शिक्षक शिक्षिकाहरुको पटक पटक माग जिज्ञासा समेत आएकोले मानव स्रोत विकास केन्द्रमा शिक्षकहरुलाई स्थानीय भत्ता दिने सम्बन्धमा थप स्पष्टताका लागि पत्राचार गर्दा सोको जवाफ प्राप्त हुन नसकेको हुँदा शिक्षकहरुलाई तलव भत्ता वापत बचत भएको रकमबाट अर्थ मन्त्रालयको चलानी नं. ६८ मिति २०७१/०५/०२ गतेको तलव, भत्ता सम्बन्धीको पत्रमा तोकिएको स्थानीय भत्ताको दर साथै कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ मा तोकिएको मापदण्ड अनुसार विद्यालयबाट माग भई आएबमोजिम तलव भत्ता शिर्षकमा बचत भएको रकमबाट सम्बन्धित विद्यालयको खातामा निकासा गर्ने।

७. ग्रेटर मुन्धुम ट्रेल अन्तर्गत यस आमचोक गाउँपालिकाको दक्षिणि क्षेत्रमा अवस्थित रहेको छ। यस क्षेत्रको पर्यटकिय गतिविधि प्रवर्द्धनका लागि पर्यटकका लागि चाहिने ट्रेकिङ MAP नभएको कारण आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गर्न समस्या भएको हुँदा ट्रेकिङ MAP को डिजाइन तथा छपाईको कार्यका लागि मैयुङ टयाम्के साल्पा सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्र सँग समन्वयमा कार्य गरी म्याप समेत छपाई गरेको हुँदा उक्त संस्था सँग ५० थान बराबरको मुन्धुम ट्रेल म्याप रु.५००००।०० मा खरिद गरी भुक्तानी गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

३।२१

वाशोक राई
अध्यक्ष